(चौथो नगरपरिषदबाट पारित आ.व. २०७४।०७५ को बार्षिक नीति, कार्यक्रम तथा बजेट)

*"बर्दघाट नगरपालिकाको आ.व. ०७४/०७५ को बार्षिक नीति तथा कार्यक्रम सहितको वजेट वक्तव्य"*

*मिति : २०७३/०९/२२*

बिभिन्न राजनीतिक दलका प्रमुख तथा प्रतिनिधि ज्यूहरु ,
विभिन्न कार्यालयका कार्यालय प्रमुख ज्यूहरु ,
नगरपालिका एकीकृत योजना समितिका पदाधिकारी ज्यूहरु,
नगरपालिका सुपरिवेक्षण तथा अनुगमन समितिका पदाधिकारी ज्यूहरु,
उद्योग वाणिज्य संघका अध्यक्ष ज्यू, तथा विभिन्न संघ संघ सस्थाका प्रमुख एवम् प्रतिनिधि ज्यूहरु,
नागरिक सचेतना केन्द्र तथा वडा नागरिक मञ्चका पदाधिकारी ज्यूहरु,
विभिन्न सामुदायिक संस्थाका अध्यक्ष एवम प्रतिनिधिज्यूहरु
नेपाल प्रत्रकार महासंघका प्रतिनिधी एवम सम्पूर्ण संचारकर्मी मित्रहरु,
शुरक्षा निकायका प्रमुख एवं शुरक्षार्थ खटिएका शुरक्षाकर्मीहरु,
महिला, वालवालिका, आदीवासी जनजाती, दलित, अपाङ्ग, पिछडा वर्ग, मुश्लिम लगायत लक्षित वर्ग संग सम्बद्ध संस्थाका प्रमुख एवं प्रतिनिधि ज्यूहरु,
आमन्त्रित समाजसेवी, बुद्धिजिवी, कर्मचारी मित्रहरु र उपस्थित सम्पूर्ण महानुभावहरु,

सर्वप्रथम आ-आफ्ना कार्य व्यस्तताका वावजुद हाम्रो निमन्त्रणालाई स्वीकार गरी यस परिषदलाई उच्च प्राथमिकता दिई अतिथीको रुममा उपस्थित हुनुहुने राजनैतिकदलका प्रमुख एवम् प्रतिनिधि ज्यूहरु, सम्पूर्ण कार्यालका कार्यालय प्रमुख ज्यूहरु, साथै विभिन्न संघ सस्थाका प्रमुख तथा प्रतिनिधि ज्यूहरु, पत्रकार मित्रहरु हाम्रा सुख:दुखमा सदैव साथ दिनुहुने आदरणिय नगरवासि दिदिवहिनी, दाजुभाई लगाएत समस्त उपस्थित महानुभावहरुमा नगरपालिका कार्यालयको तर्फवाट तथा मेरो व्यक्तिगत तर्फवाट हार्दिक स्वागत गर्न चाहान्छु ।

बर्दघाट नगरपालिकाको चौथो नगरपरिषदबाट पारित नीति, कार्यक्रम तथा बजेट सार्वजनिकिकरण कार्यक्रममा आ.व. २०७४।०७५ को निति, कार्यक्रम तथा अनुमानित वजेट पेश गर्न पाउँदा मलाई अत्यन्त खुसी एवम् गर्व महसुस भइरहेको छ । यस क्षणमा विभिन्न काल खण्डमा राजनैतिक परिवर्तन र जनअधिकार स्थापनाकालागि आफ्नो अमूल्य सुन्दर जिवन आहुति गर्नुहुने सम्पूर्ण ज्ञात, अज्ञात अमर शहिदहरुमा हार्दिक श्रद्धान्जली एवम् घाइतेहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्दछु ।

***आदरणिय महानुभावहरु,***

यस नगरपालिकाको आर्थिक वर्ष ०७४/०७५ को वजेट र नीति तथा कार्यक्रम तर्जुमा गर्दा तेह्रौ त्रिवर्षिय योजनाका प्राथमिकता, अर्थ मन्त्रालय वाट प्राप्त वजेट अख्तियारी र मार्गदर्शन, सहस्राब्दी विकास लक्ष्य तथा जिल्ला विकास समिति वाट प्राप्त वजेट सिलिङ् र मार्ग दर्शन बमोजिम स्थानिय निकाय श्रोत परिचालन कार्यविधी २०६९ को परिधि भित्र रहेर गरिएको छ ।

स्थानिय स्वायत्त शासन ऐन २०५५ को मर्म अनुरुप विकेन्द्रीकरणको अवधारणा अनुसार स्थानिय स्तरमा स्थानिय आवश्यक्ताहरुको पहिचान गरी, स्थानिय साधन स्रोतको अधिकतम् सदुपयोगका साथ स्थानिय वासीहरुको आवश्यक्ता पूर्ति गर्ने अहम् जिम्मेवारी स्थानिय निकायले निर्वाह गर्दै आएको छ । योजना तथा कार्यक्रम छनोट एवम् परिचालन गर्दा समावेशी रुपमा सहभागितात्मक पद्धत्ति अवलम्बन गरि सबैलाई सहभागिहुने अवसर समेत ऐनले प्रदान गरेको मात्र नभई महिला, वालवालिका, पिछडिएका वर्ग तथा समुदाय लगायत विकासको मूलधारवाट टाढा रहेको जनसमूदायलाई प्राथमिकता दिई विकासमा सहभागि हुन समेत थप जोड दिएको छ ।

स्थानिय सरकारको रुपमा रहेको स्थानिय निकाय लामो सयमदेखि जन प्रतिनिधि विहिन छ । सरकारको अवधारणा अनुसार यस परिषदमा कार्यक्रम र वजेट निर्माण गर्न वडावासी, कर्मचारी, विभिन्न विषयगत तथा समन्वय समिति, एकिकृत योजना तर्जुमा समिति तथा राजनैतिक दल संग समेत गहन छलफल गरी वहाँ हरुको सक्रिय एवम् गुणात्मक सहभागितावाट यो वजेट वक्तव्यको साथै वार्षिक नगर विकास योजना तयार गर्ने कोसीस गरिएको छ ।

आदरणिय महानुभावहरु बर्दघाट नगरपालिका भौतिक पूर्वाधार, सामाजिक तथा आर्थिक विकासका हिसावबाट हेर्दा अन्य शहरी क्षेत्रको तुलनामा केही पछाडिनै छ । निजिक्षेत्रको कमजोर उपस्थिति, व्यावसायिक विकासको उपयूक्त वातावरणको कमी, न्यून रोजगारी सृजनाका कारण युवा जनशक्तिको विकसित शहरी क्षेत्र तथा विदेश पलायन जस्ता सामाजिक आर्थिक चुनौतिहरुका कारण शहरी गरिबी उच्च देखीएको छ । नगरविकासको सन्दर्भमा भौगोलिक विषम्ता, खोला/नदीको तिव्र कटानि, छरिएर रहेको वस्ति , आन्तरिक श्रोतको न्यूनता, नगरपालिकाको संस्थागत क्षमतामा कमी जस्ता चुनौतिहरु रहेका छन । तथापि यस्ता चुनौतिहरुको सामना गर्दै नगरपालिकालाई प्राप्त हुने श्रोत साधनको समुचित परिचालन मार्फत नगरपालिका र समग्र नगरवासीको सर्वाङ्गीण विकासमा नगरपालिका निरन्तर लागिरहने व्यहोरा निवेदन गर्न चाहान्छु ।

विभिन्न चुनौतिहरुका वावजुत यस क्षेत्रको विकासका सम्भावनाहरु समेत प्रशस्त रहेका छन् । यो नगरपालिकाको दक्षिणमा तराई क्षेत्र हुदैं उत्तर चुरे जोडिएकोले भोगोलिक रुपमा अत्यन्तै विविधतायुक्त छ । यस विविधता वाट वढी भन्दा वढी फाईदा लिन सक्ने सम्भावना छ । प्राकृतिक स्रोत, साधनका हिसाबले धनि र कृषि उत्पादनका हिसाबले समेत अगाडिरहेको यस नगरपालिकालाई पूर्वपश्चिम लोकमार्गले विच वाट काटेको छ । यस भेगमा रहेको धार्मिक पर्यटकीय तथा ऐतिहासिक महत्वका स्थानहरुको प्रचार-प्रसार र प्रवर्द्धन गरि यस क्षेत्रको विकास गर्न सकिने प्रशस्त सम्भावना रहेको छ । यसैगरी यो नगरपालिका राजमार्गमा रहेकोले ठुलो बजार पहुँचको सुगमता, कृषि उत्पादन, जडीवुटीको सम्भावना तथा उपर्यूक्त प्राकृतिक वातावरणको कारण उद्योग/व्यवसाय विकासको सम्भावना समेत रहेको छ ।

नगरवासीहरुको आवश्यक्ता र आकांक्षालाई पुरा गराउन नगरपालिकाले नेपाल सरकार/संघिय मामिला तथा स्थानिय विकास मन्त्रालयवाट विभिन्न शिर्षकमा प्राप्त भएको अनुदान रकम तथा आन्तरिक आय समेतलाई राजनीतिक दल तथा अन्य सबै सरोकार वालाहरुको सल्लाह र सहमतिमा नगरपालिका क्षेत्र भित्रकै सडक निर्माण, मर्मत र विस्तार, पूर्वाधार सुधार, खानेपानि, पुल, सिंचाई, नदी नियन्त्रण, पार्क, सामुदायिक भवन जस्ता भौतिक पूर्वाधार निर्माण तथा सामाजिक क्षेत्र विकासका कार्यक्रममा विनियोजन गरी उक्त कार्यक्रमहरु कार्यान्वयन गर्दै आएको छ ।

***आदरणिय महानुभावहरु,***

अब म आर्थिक वर्ष २०७४/०७५ का लागि बदर्शघाट नगरपालिकाको प्रस्तावित नीति, कार्यक्रम तथा अनुमानित आय - व्ययको विवरण प्रस्तुतिको प्रारम्भमा नै हामी सबैको सर्वसम्मत प्रयासवाट मात्रै प्रस्तुत कार्यक्रमहरु सफलतापुर्वक सम्पन्न गर्न सकिने यथार्थतालाई मनन् गर्दै, हाम्रा असल कार्यका लागि सदैव साथ दिनुहुन र कमजोरी भए समयमै औंल्याई असल पथप्रदर्शक भई दिनुहुन समस्त महानुभावहरुमा म नगरपालिका र हामी समस्त कर्मचारीहरुको तर्फवाट हार्दिक अनुरोध गर्दै आगामी आर्थिक वर्ष २०७४/०७५ कोलागि नगरपरिषदबाट पारित बार्षिक नीति, कार्यक्रम तथा बजेट यहाँहरु समक्ष प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

## बार्षिक नीति, कार्यक्रम तथा बजेट सम्बन्धमा

१) "नगरवासीको कामना: हरियाली र उज्यालो नगर हाम्रो चाहना" भन्ने अभिव्यक्तिलाई साकार रुप दिन सडकको दुवै तिर रुखरोपी हुर्काउने तथा सडक वत्ति राख्ने कार्य तथा हरियाली प्रवर्द्धनको कार्यलाई प्राथमिकताका साथ अगाडि बढाईएको छ ।

२) नयाँ योजना छनोटमा भन्दा अत्यावश्यक क्रमागत तथा अधुरा कार्यक्रम सम्पन्न गर्न प्राथमिकता दिईएको छ ।

३) सडने र नसडने फोहोर छुट्याएर राख्ने र सडन सक्ने फोहोरलाई घरमै कम्पोष्ट मल बनाउन कम्पोष्ट विन वितरण गर्ने कार्यको प्रारम्भ गरी फोहोरलाई श्रोतमा नै वर्गिकरण गरी फोहोरमैला व्यवस्थापन कार्यमा सार्वजनिक निजि साझेदारी अबलम्बन गरीने छ ।

४) स्थानिय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ मा व्यवस्था भएअनुसार लक्षित वर्ग तर्फका कार्यक्रम छनोट गर्दा भेला तथा लक्षित वर्गका संघसंस्था वाट प्राप्त सुझाव तथा कार्यक्रम मध्येवाट मात्र गरिएको छ ।

५) बालमैत्री स्थानीय शासन: राष्ट्रिय रणनिति २०६८ अनुसार बालबालिकामुखी कार्यक्रम संचालन गरिनेछ । नगरपालिकाबाट निकृष्ट बालश्रम उन्मूलन गर्न विषेश कार्यक्रम सञ्चालन गरिने छ । आ.व. २०७४/०७५ मा वालमैत्री नगरपालिका घोषणामा सहयोग पुग्ने गरी कार्यक्रम तर्जुमा गरिएको छ ।

६) वातावरणमैत्री स्थानीय शासनको प्रारुप, २०७० बमोजिम वातावरणमैत्री कार्यक्रमहरु संचालन गर्नकोलागि नगरपालिकालाई वातावरणमैत्री तर्फ अगाडि बढाईएको छ । चालु आ.व. मा वडा नं. १, २, ६ र ७ लाई वातावरणमैत्री वडा घोषणा गर्ने गरी कार्यक्रम संचालन गरिनेछ ।

७) नगरपालिकाका क्रियाकलाममा स्थानिय वासीहरुको प्रभावकारी सहभागिता अभिबृद्धि गर्न टोल विकास संस्था, टोल सुधार समिति गठन प्रकृया अगाडि बढाईएको छ । टोल विकास संस्थां/टोल सुधार समितिलाई फोहोरमैला व्यवस्थापन लगाएत नगरपालिकाको काम कारवाहीमा सहभागिता जनाउन उत्प्रेरीत गरिनेछ ।

८) योजना संचालनको क्रममा पेश्की दिने कार्यलाई निरुत्साहि गरी साना योजनामा पेश्की सुन्य अभियान संचालन गरिनेछ ।

९) नगरपालिका भित्र बिभिन्न सरकारी, गैह्र सरकारी संघ संस्थावाट सञ्चालन हुने कार्यक्रममा दोहोरो पन हटाउन सम्बद्ध निकाय सगं समन्वय गरी अगाडि बढिनेछ ।

१०) राष्ट्रिय भवन संहिता कार्यन्वयनको लागि आवश्क तालिम तथा प्रचार प्रसारको कार्यमा जोड दिईने छ ।

११) नगरपालिकाले हाल सम्म संचालन गरेका आयोजना तथा कार्यक्रमहरुको मूल्याङ्कन गरी हाल सम्म कुन क्षेत्रमा कति उपलब्धि प्राप्त भयो सो को जानकारी सर्वसाधरण जनतालाई बिभिन्न माध्यमवाट दिईनेछ ।

१२) नगरपालिकाले संचालन गरेको आयोजना तथा कार्यक्रमहरुको सार्वजनिक सुनुवाई, सामाजिक भेदभाव अन्त्य गर्ने सम्बन्धमा आवश्यक कार्यक्रमहरु संचालन गरिने छ ।

१३) नगरवासीको स्वास्थ्य, अनुशासन र मनोरञ्जनका लागि खेलकुद क्षेत्रमा लगानि अभिबृद्धि गरीने छ ।

१४) आयोजना तथा कार्यक्रमहरुको प्रभावकारीता बढाउन अनुगमन कार्यलाई अझ बढी महत्व दिई अगाडि बढाईनेछ । भौतिक पूर्वाधारका मात्र नभई सामाजिक पूर्वाधारका कार्यक्रमहरुको अनुगमन कार्य समेत अगाडि बढाईने छ ।

१५) नगरपालिकाबाट पेश्की लिई फर्स्यौट नगर्नेहरुको विवरण अद्यावधिक गरी राख्ने तथा पेश्की भएका व्यक्तिहरुलाई नगरपालिकाबाट गठन हुने कुनै पनि समितिमा सहभागि हुन नपाउने व्यवस्थालाई कडाइका साथ लागू गरिनेछ । भ्रष्टाचारमा सुन्य सहनशिलताको नीति अवलम्वन गरिनेछ ।

१६) नगरपालिकाको पार्श्वचित्र तयार गरी नगरपालिका सम्बन्धि सूचनामा सम्बन्धित सबैको पहुँच बृद्धि गरीने छ । नगरपालिकाको Web-Site निर्माण गरी निरन्तर अपडेट गरिनेछ ।

१७) नगरपालिकाको स्रोत साधनले भ्याएसम्म नगर क्षेत्र भित्रका विभिन्न सडक कालोपत्रे गर्ने निति लिईनेछ र सडक कालोपत्रे लगाएतका अन्य आयोजनाहरुमा पनि सम्बन्धित निकाय र उपभोक्ताको लगानि अभिबृद्धि गर्न अनुरोध गरिनेछ ।

१८) न्यूनतम शर्त तथा कार्यसम्पादन मापन (MCPM) का बढी भन्दा बढी सूचकहरु प्राप्त गर्न प्रयत्न गरीने छ । यस कार्यमा सबै पक्षको सहयोगको अपेक्षा गरिएको छ ।

१९) फोहोरमैलाको उचित व्यवस्थापन गर्न फोहोरमैला निकास स्थल (Land Fill Site) खोजि गरी निर्माण गरिनेछ । सो कोलागि विज्ञहरुको सहभागितामा सम्भाव्यता अध्ययन र अन्य सरोकारवाला निकाय संग समन्वय गरिनेछ साथै विभिन्न स्थानको अवलोकन भ्रमण समेत गराईने छ ।

२०) सार्वजनिक नीजि साझेदारी (P.P.P.) अवधारणा अन्तर्गत निजी क्षेत्रहरुसंगको सहकार्यमा विशेष जोड दिईने छ ।

२१) नदी, खोला, खोल्सा र खहरेबाट कटान भई क्षतिग्रस्त हुन पुगेका जमिन तथा जोखिमका परेका क्षेत्रहरुको संरक्षण गर्न नेपाल सरकार संग आवश्यक वजेटको लागि जोडदार अनुरोध गरिने छ ।

२२) LGCDP अन्तर्गत नगर क्षेत्र भित्रका सम्पुर्ण वडाहरुमा दलित, जनजाति तथा विपन्न वर्गहरुको लागि लक्षित गरी शुरु गरिएको सामाजिक परिचालनको कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

२३) जनस्वास्थ्यसँग सम्बन्धित कार्यक्रमहरुलाई नगर क्षेत्रमा प्रभावकारी रुपमा कार्यान्वयन गर्न जिल्ला स्वास्थ्य कार्यालय तथा स्थास्थ्य सेवा प्रदायक निकाय संग समन्वय र सहकार्यका साथ अगाडि बढने निति लिएका छौं ।

२४) राज्यको चौथो अंगको रुपमा रहेको पत्रकारीता क्षेत्रको विकास गर्नका लागि नगरपालिकाले आफ्नो तर्फवाट सहयोग गर्नेछ ।

२५) नगरपालिका भित्र रहेको सम्पुर्ण धर्म सम्प्रदायका साँस्कृतिक, पुरातात्विक, धार्मिक महत्वका मन्दीर, गुम्बा, चर्च जस्ता संरचनाहरु र यस्ता क्षेत्रको विकास, संरक्षण र प्रचार प्रसारमा विषेश ध्यान दिईने छ ।

२६) अस्थायी प्रकृतिका कार्यहरु तथा पार्क, सार्वजनिक शौचालय संचालन आदि कार्य सेवा करारबाट लिईनेछ । यसले नगरपालिकाको व्ययभार घटनुको साथै आन्तरीक श्रोतमा बृद्धि हुने आशा लिईएको छ ।

२७) विभिन्न निकायको लगानिमा नगरपालिका भित्र निर्माण भएको कतिपय सडकहरुको स्वामित्व अझैपनि व्यक्तीको नाममा रहेको अवस्थामा छ । निर्माण भएका सडकहरु सार्वजनिकिकरण गर्न सम्बन्धित व्यक्ती र सस्थालाई उत्प्रेरीत गरिनेछ । सार्वजनिकिकरण नभएका तथा मादण्ड विपरितका सडकहरुको मर्मत तथा स्तरोन्नती गर्न नगरपालिका बाट रकम विनियोजन नगर्ने निति लिईनेछ ।

२८) नगरपालिका भित्र सडक बत्ति व्यवस्थापन गर्न लागत सहभागितामा वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रको सहयोगमा Solar street light कार्यक्रम ल्याईएको छ । यसले गर्दा सडक वत्तिमा स्थानिय वासीको सहभागिता र अपनत्व कायम भई सडक बत्ति दिगो र भरपर्दो हुने विश्वास गरिएको छ ।

२९) नगरपालिकाको विभिन्न संयन्त्रका पदाधिकारीहरु तथा कार्यालयमा कार्यरत कर्मचारीहरुको क्षमता विकासको लागि क्षमता अभिबृद्धि सम्बन्धि कार्यक्रम संचालन गरिनेछ ।

३०) नगरपालिकाको बार्षिक उत्सव कार्यक्रममा उत्कृष्ट कार्य गर्ने कर्मचारी लगायत नगरपालिकाको विकासमा सहत्वपूर्ण भूमिका निवार्ह गर्नु हुने व्यक्तित्वहरुलाई पुरस्कृत गरिने कार्य प्रारम्भ गरिनेछ भने संगठन विकास अध्ययन गरी समय सापेक्ष रुपमा संगठनलाई सुधार गर्दै लगिने छ ।

३१) व्यक्तिगत घटना दर्ता र कर संकलन कार्यलाई सेवाग्राहि तथा करदाताको घरदैलोमा पुऱ्याउने कार्यको शुरुवात गरी सेवा प्रवाहलाई थप चुस्त बनाइनेछ । व्यक्तिगत घटनादर्ता सम्बन्धि फारमहरु Computerize गरी Software मार्फत प्रयोगमा ल्याईनेछ  । जसबाट व्यक्तिगत घटना दर्ता सम्बन्धी काम कार्वाही अझ छिटो छरीतो चुस्त दुरुस्त बनाइने

३२) राजश्व परामर्श समितिको सिफारीस समेतको आधारमा करको दायरा फराकिलो पारी सबै व्यवसायीलाई करको दायरामा ल्याइन आवश्क पहल गरीनुको साथै आ.व. ०७४/०७५ को श्रावण महिनाबाट शुरु गरिएको एकिकृत सम्पत्ति कर संकलन प्रणालीलाई व्यवस्थित गरिनेछ । व्यवसाय कर संकलनकोलागि सरोकारवाला उद्योग वाणिज्य संघ/वजार विकास समितिहरु संग समन्वय गरिनेछ ।

३३) आन्तरीक आयका हिसाबले यस नगरपालिकालाई आत्मनिर्भर बनाउने कोसिस गरीने छ । करका दरहरुमा समयानुकुल परिमार्जन गरी करको दायरालाई विस्तार गरिनेछ । नगरपालिकाको जिम्मेबारी बहन गर्न र चुनौति सामना गर्न विद्यमान कर, शुल्क तथा दस्तुरका दरहरुमा पुनरावलोकनका साथै नयाँ  करको क्षेत्रहरुको खोजि गरी करको दायरालाई फराकिलो पार्न चालु आ.व. मा राजश्व सम्भाव्यता अध्ययन तथा प्रक्षेपण र आन्तरीक आय अभिबृद्धि सम्बन्धि कार्ययोजना तयार गरिने छ ।

३४) करदाताको सुविधालाई मध्यनजर गर्दै कर संकलनकार्यलाई सरोकारवालाको सल्लाह र सहमतिमा सहज बनाईने छ ।

३५) नगरपालिकाको बेरुजु बढन नदिनको लागि कार्यक्रम तथा आयोजनाको कार्यान्वयन गर्दा कामको मूल्याङ्कनको आधारमा भुक्तानि दिने र अति आवश्यक काममा बाहेक पेश्की रकम उपलब्ध नगराईने प्रणालीको शुरुवात गरीने छ ।

३६) नगरपालिकाको स्वामित्वमा रहेको बसपार्क तथा हाटवजार व्यवस्थापन गर्नकोलागि कार्यक्रम तर्जुमा गरी बजेटको व्यवस्थापन गरिएको छ । यस कार्यमा सरोकारवाला संगको सहकार्यलाई प्राथमिकता दिईएको छ ।

३७) नगरपालिकामा आवश्यक जनशक्ति व्यवस्थापन गर्न मन्त्रालयबाट प्राप्त प्रस्तावित दरवन्दी तेरीज तथा संगठन संरचनाअनुसार नगरपालिकाको आवश्यकत्ता र क्षमताको आधारमा पदपुर्ति गर्दै लगिने छ ।

३८) बस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धि आधारभूत मार्गदर्शन, २०७२ भवन निर्माण नक्सांकन, भु-उपयोग, सडक सीमा मापदण्ड २०७१ चालु आर्थिक वर्ष बाटै कार्यान्वयनमा ल्याईनेछ । यसलाई अझ परिमार्जित र व्यवस्थीत गरिनेछ । आधारभुत मार्गदर्शनको आधारमा भवन निर्माण सम्बन्धि नया मापदण्ड तर्जुमा गरी लागू गरिनेछ ।

३९) नगर क्षेत्रमा अव्यवस्थित रुपमा सञ्चालित पशु बधस्थलहरुलाई व्यवस्थित गर्न आवश्यक मापदण्ड तर्जुमा गरी लागु गरीने छ ।

४०) नागरीक सचेतना केन्द्रको स्तरोन्नतिकोलागि आवश्यक वजेटको व्यवस्था गरिएको छ ।

४१) हरेक आयोजना वा कार्यक्रममा न्यूनतम ३० प्रतिशत जनसहभागिता अनिवार्य गर्ने निति अवलम्बन गरिने छ ।

४२) ऐतिहासिक र पुरातात्वीक सम्पदाको पहिचान र संरक्षण गरी भ्यू टावर (**View Tower**) निर्माणकोलागि सम्भाव्यता अध्ययन गरिनेछ र निर्माणकोलागि सरोकारवाला निकायसंग समन्वय गरी कार्य प्रारम्भ गरिनेछ ।

४३) नगरपालिकाको व्यवसाय विस्तारको लागि उत्तर दक्षिण तर्फ नाका निर्माणकोलागि नगरपालिकादेखि उत्तर धुर्कोट जोडेने सडक विस्तारकोलागि रकम विनियोजन गरिएको छ र सो सडक स्तरोन्नतीकोलागी सम्बन्धित निकायमा पहल गरिनेछ ।

४४) नगरपालिकाले नगर क्षेत्र भित्र हरेक बस्तीमा दमकल पुग्न सक्ने सडक व्यवस्थापन गर्ने उद्देश्यका साथ वडा वडामा सडक विस्तार गर्न अभियान सञ्चालन गरिने छ ।

४५) नगरपालिकाको सौन्दर्य विकास गर्न नगरस्तरीय उद्यानको लागि पुर्वाधार निर्माण गर्न सरोकारवाला निकाय संग समन्वय गरी अगाडि बढिनेछ ।

४६) स्वच्छ, सफा र सुन्दर नगर निर्माण गर्नको लागि प्लाष्टिक झोला प्रयोगलाई निरुत्साहित गरिनेछ ।

४७) द्धन्द्धपिडितको शीप विकास र क्षमता अभिवृद्धिकोलागि बजेटको व्यवस्था गरिएको छ । स्थानीय शान्ति समिति संगको समन्वयलाई अझ प्रभावकारी वनाईने छ ।

आ.व ०७३/०७४ को लागि राजश्व र व्ययको अनुमान गर्नु अघि यस नगरपालिकाको वर्तमान स्थिति झल्काउन प्रमुख आर्थिक सूचकहरु प्रस्तुत गर्न चाहान्छु । २०७३ मार्ग मसान्त सम्म रु. ७२,८६,०८९।- राजश्व असूली भएको छ । यो प्रक्षेपित राजश्वको ६८.०९ प्रतिशत हो । जसानुसार यस आर्थिक वर्षमा १,०७,०००।- राजश्व असूली गर्ने लक्ष्य लिईएकोमा उक्त अनुमानित आयलाई राजश्व वृद्धिका आधारमा संशोधन गरी रु. १,२०,००,०००।- असूल गर्ने लक्ष्य लिईएको छ । चालु आ.व ०७३/०७४ को कुल विनियोजीत बजेट मध्ये चालु तर्फ रु. १७,८५,०२१।- र पूँजीगत तर्फ रु. २२,२४,२८८।- खर्च भएको छ । आगामी आ.व. २०७४/०७५ मा कुल आम्दानी रु १३ करोड छब्वीस लाख सोह्र हजार हुने अनुमान गरिएको छ । जस मध्ये चालु तर्फ ६ करोड उन्साठि लाख अठासी हजार आठसय अनुमान गरिएको छ । जसमध्ये संचालन खर्च १ करोड १६ लाख १० हजार र सामाजिक सुरक्षा भत्ता तर्फ ५ करोड १९ लाख ८८ हजार ८ सय गरि कुल ६ करोड ३५ लाख ९८ हजार ८ सय चालु तर्फ र पूजीगत तर्फ ६ करोड ९० लाख ७० हजार २ सय खर्च हुने अनुमान छ । चालु तर्फ ४७.९५ प्रतिशत र पूजीगत तर्फ ५२.०५ प्रतिशत खर्च हुने अनुमान छ ।

आ.व ०७४/०७५ को नगरपालिकाको प्रस्तावित आम्दानी र खर्चका शिर्षकहरु तपसिल बमोजिम हुने अनुमान गरेको छु ।

(चौथो नगरपरिषदबाट पारित आ.व. २०७४।०७५ को बार्षिक नीति, कार्यक्रम तथा बजेट)

यस बर्दघाट नगरपालिकाको चालु आ.व. २०७४/०७५ को प्रस्तावित योजना तथा कार्यक्रम देहायवमोजि भएकोले उल्लेखित योजना तथा कार्यक्रमलाई स्वीकृत गर्ने निर्णय गरियो ।

**अनुसूचि-१**

**पूर्वाधार विकास सम्बन्धि योजनाहरु (रू. ५,००,०००/- भन्दा माथि का योजनाहरु) रू. ६१,००,०००।-**

| क्र.सं. | योजनाको नाम | संचालन हुने स्थान | विनियोजीत रकम रु |
|---|---|---|---|
| १. | बाटो स्तरिकरण (सूर्यचोकदेखि दाउन्नेदेवी गा.वि.स सीमाना सम्म) | १ | ५००००० .० |
| २. | बाटो ग्राभेल, लण्डब्रिजदेखि चिसापानी ब्लक नं. ३ जोड्ने | २ | ५००००० .० |
| ३. | चिसापानी खोलामा पुल निर्माण | २ | ५००००० .० |
| ४. | बाटो स्तरिकण कर्मेया सीमानादेखि लगुनाहा हुदैं जहदा सीमाना सम्म | ३ | ५००००० .० |
| ५. | बाटो स्तरिकण लोकमार्ग विष्णु भण्डारीको घरदेखि दक्षिण पार्कहुदैं गोविन्द सुवेदीको घर सम्म | ४ | ५००००० .० |
| ६. | बाटो स्तरिकण, पाल्डाडा वरुवाको मूल सडकदेखि लाहुरेचोक सम्म | ५ | ५००००० .० |
| ७. | कालोपत्रे सडक, विद्युत चोक पूर्व ५ नं. सीमाना सम्म | ६ | ५००००० .० |
| ८. | कालोपत्रे सडक , वेलहानी निरन्तरता | ७ | ५००००० .० |
| ९. | भानुनगर टोल वरपर ढल निकास निरन्तरता | ८ | ५००००० .० |
| १०. | बाटो ग्राभेल, हेमलाल न्यौपाने र मकरध्वज घर पूर्व महेश हरिजन दक्षिण बाटो हरिबहादुर पश्चिम पवित्रा किसान वाग्लुँगेटोल,देखि सुनटाडि सम्मको बाटो | ९ | ६००००० .० |
| ११. | लण्डन ब्रिजदेखि उत्तर अलावल गाउँ सम्म कालोपत्रे निरन्तरता | १० | ५००००० .० |
| १२. | नाला सहित ढल निकास, मौराटाडि शिरोमणी प्रा.वि तर्फ | ११ | ५००००० .० |
| जम्मा रकम रु. | | | ६१००००० .० |

**अनुसूचि-२**

**प्रवर्द्दनात्मक योजनाहरु (रू. ५00000/- भन्दा मुनिका योजनाहरु) रकम रू.** ५४३७७६४.०/-

| क्र.सं. | योजनाको नाम | संचालन हुने स्थान | विनियोजीत रकम रु |
|---|---|---|---|
| १. | कल्भर्ट निर्माण (माकर खैरहवा कुलोमा) | १ | २००००० .० |
| २. | बाटो ग्राभेल , त्रीवेणी सडकदेखि बौद्धगुम्वा चोक सम्म | १ | २३४४८३ .० |
| ३. | बाटो ग्राभेल मिलनचोकदेखि दविल्ला सीमाना सम्म | १ | २००००० .० |
| ४. | ह्युमपाईप खरिद चिसापानी सबै ब्लकमा आवश्यकतानुसार | २ | २००००० .० |
| ५. | बाटो ग्राभेल, ब्लक नं. २ पुनबाजेको घरदेखि बुटाहा जोडने | २ | २००००० .० |
| ६. | बाटो ग्राभेल, ब्लक नं. ४ विष्णु वरालको घरदेखि उत्तर साथै पूर्णको घर दक्षिण | २ | १००००० .० |
| ७. | बाटो ग्राभेल, ब्लक नं. ३ होम गुरुगको घरदेखि मन्दिरहुदैं खगेश्वरको घर सम्म | २ | २००००० .० |
| ८. | बाटो ग्राभेल ब्लक नं. ७ कृष्ण वलामीको घर दक्षिण | २ | १०४६९५ .० |
| ९. | पक्कि नाला निर्माण कर्मेया पुरानो गाउँमा | ३ | २००००० .० |
| १०. | पक्कि नाला निर्माण लगुनाहा पिपलरुखदेखि चमरगढिया पुल सम्म | ३ | २०३९९४ .० |
| ११. | बाटो ग्राभेल अमरदीप टोलदेखि ट्रान्समिटरचोक दिलमाया पन्थ र भुताहाचापी समग्र | १० | १००००० .० |
| १२. | कम्पाउड निर्माण, जनता नि.मा.वि | ११ | २५९५९२ .० |
| १३. | कार्यालय सूचना केन्द्र ब्यवस्थापन | बर्दघाट न.पा | १००००० |
| १४. | घर जग्गा नक्सा पास फारम छपाई तथा ब्यवस्थापन | बर्दघाट न.पा | १५०००० |
| १५. | ब्यवसाय दर्ता सहजीकरण अभियान संचालन | बर्दघाट न.पा | १००००० |
| १६. | संचार क्षेत्र विकास कार्यक्रम | बर्दघाट न.पा | २००००० |
| १७. | कार्यालय संचालन ब्यवस्थापन तथा विविध खर्च | बर्दघाट न.पा | २००००० |
| १८. | ठुला योजनाको प्रभाव मूल्याँकन | बर्दघाट न.पा | १५०००० |
| १९. | सफ्टवेयर अपडेट संचालन तथा नविकरण | बर्दघाट न.पा | १५०००० |

| | | | |
|---|---|---|---|
| २०. | क्षमता विकास राजनैतिक दल र वडा नागरिक मञ्च | बर्दघाट न.पा | ३१०००० |
| २१. | सामाजिक परिक्षण | बर्दघाट न.पा | १५०००० |
| २२. | सवारी साधन मर्मत | बर्दघाट न.पा | ५०००० |
| २३. | राजश्व सुधार कार्ययोजना निर्माण | बर्दघाट न.पा | ३००००० |
| २४. | विभिन्न जयन्ती, दिवस मनाउने कार्यक्रम | बर्दघाट न.पा | ७५०००.० |
| २५. | करदाता शिक्षा कार्यक्रम | बर्दघाट न.पा | ५००००.० |
| २६. | सूचना प्रकाशन सन्देश प्रकाशन | बर्दघाट न.पा | १०००००.० |
| २७. | सामुदायिक मेलमिलाप कार्यक्रम | बर्दघाट न.पा | १५००००.० |
| २८. | खेलकुद विकास कार्यक्रम | बर्दघाट न.पा | १००००००.० |
| | जम्मा रकम रु | | ५४३७७६४.० |

**राजश्व वाडफाड बाट संचालित योजनाहरु रू. ६०,००,०००.००**

| क्र.सं. | योजनाको नाम | संचालन हुने स्थान | विनियोजीत रकम रु |
|---|---|---|---|
| १. | बाटो ग्राभेल, नाला सहित वर्मेलीटोल हुलाक रोडदेखि पश्चिम वुद्धमार्ग जानेबाटो | ४ | २०००००.० |
| २. | बाटो ग्राभेल, नाला सहित स्मृतिनगर पिपलचौतारादेखि मुसहर वस्ती जाने बाटो | ४ | २०००००.० |
| ३. | बाटो ग्राभेल, नाला सहित देवीनगर लोकमान गुरुँगको घरदेखि विष्णु बस्नेतको घर सम्म | ४ | २०००००.० |
| ४. | बाटो ग्राभेल, नाला सहित मोर्चाघोला यमबहादुरको घरदेखि पूर्व सुनिलको घर सम्म | ४ | २०००००.० |
| ५. | बाटो ग्राभेल उपहारनगर चोकदेखि उत्तर दक्षिण र पश्चिम भित्री बाटाहरु | ४ | २०००००.० |
| ६. | नाला सहित बाटो ग्राभेल दुर्गा मन्दिरटोल बाढिपिडित सुकमायाको घरदेखि दरै वस्ती सम्म | ४ | २०००००.० |
| ७. | नाला सहित बाटो ग्राभेल लोकमार्गदेखि मोर्चाघोला जाने पुल सम्म | ४ | २०००००.० |
| ८. | नाला सहित बाटो ग्राभेल लक्ष्मिनगर चेतामणी घरदेखि पूर्व वसन्ती श्रेष्ठको घर हुदै दक्षिण जाने बाटो | ४ | २०००००.० |
| ९. | बाटो ग्राभेल, धौलागिरी गणेश हमालको घरदेखि हिरा क्षेत्रीको घर सम्म | ४ | १५००००.० |
| १०. | बाटो ग्राभेल, पृथ्वीटोल दाउन्नेदेवी उ.मा.वि को उत्तर र पश्चिम जाने बाटो नाला सहित | ४ | २०००००.० |
| ११. | बाटो ग्राभेल, दिव्यनगर सागर आयलदेखि उत्तर शिवालय मन्दिरहुदै रुद्र को घर सम्म | ४ | २०००००.० |
| १२. | बाटो ग्राभेल, कालिका शिवीर लोकबहादुर सार्कीकको घरदेखि तुल्सी गैरेको घर सम्म | ४ | १५००००.० |
| १३. | मसलन्द तथा खाजा खर्च वडा नागरिक मञ्च | ४ | १३३९८.० |
| १४. | बाटो ग्राभेल जितपुर प्रा.विदेखि हिरौटे दुर्गा मन्दिर जाने बाटो | ५ | २०००००.० |
| १५. | बाटो ग्राभेल, वरुवा मुलसडकदेखि नारायणचोक हुदै वरुवा मुलसडक खेम चोक सम्म | ५ | ४१०१६०.० |
| १६. | नाला सहित बाटो ग्रभोल, मिलनचोकदेखि खाटगद्धी सम्म दोहोरो पक्कि नाला | ५ | २०००००.० |
| १७. | बाटो स्तरिकरण, विद्युतचोकदेखि विद्युत रिंग रोड हुदै आत्रेयचोक त्रीवेणी सडक सम्म | ६ | ४१०६७१.० |
| १८. | बाटो स्तरिकरण, बोर्डिग चोकदेखि किसानपाईप चोक सम्म | ७ | २०००००.० |
| १९. | बाटो स्तरिकरण, जिमिरेभारचोकदेखि त्रीनेत्र भवन सम्म | ७ | २२३४२२.० |
| २०. | ढल निकास सूर्यपुरा टोल वरपर | ८ | २०००००.० |
| २१. | बाटो ग्राभेल वडा नं. ८ र ९ को सीमानामा निरु पुनको घरदेखि हिस्कीको घर सम्म | ८ | ११३७०७.० |
| २२. | भवन निर्माण सूर्यनगर नागरिक सचेतना केन्द्र | ८ | १०००००.० |
| २३. | पुल मर्मत, सेन्टरप्लट शिवालयमन्दिर पश्चिम नाला निर्माण र जोगीकुटि जाने बाटोमा | ९ | ३२६२०८.० |
| २४. | कल्भर्ट र नाला निर्माण, वडा नं. ८ र ९ को सीमानामा हर्कबहादुरको घर अगाडि | ९ | २०००००.० |
| २५. | बाटो ग्राभेल विर्ता उपल्लो टोल | १० | २७१९१०.० |
| २६. | बाटो ग्राभेल टेकबहादुर थापाको घरदेखि दक्षिण तर्फ घनश्यामको घर सम्म | १० | २०००००.० |
| २७. | वडा नागरिक मञ्च अभिमुखिकरण कार्यक्रम | न.पा | ३०५२४.० |
| २८. | कल्भर्ट निर्माण, गैडाहा शिवालयमन्दी अगाडि | ११ | २०००००.० |
| २९. | बाटो ग्रभेल देवी अधिकारी र हरि अर्याल र पूर्नवासीकोईरी तर्फ | १० | २०००००.० |
| ३०. | कल्भर्ट निर्माण, ट्रान्समिटर पूर्व विजयपुर | ११ | २०००००.० |

| | | | |
|---|---|---|---|
| | *जम्मा रकम* | | ६००००००.० |

**कन्टिजेन्सीबाट संचालित योजनाहरू संशोधित रू. ८,५१,८२९।-**

| क्र.सं. | योजनाको नाम | संचालन हुने स्थान | विनियोजीत रकम रु |
|---|---|---|---|
| १. | योजना तर्जुमा कार्यान्वयन, अनुगमन एवम मूल्याँकन | बर्दघाट न.पा | १४६८२९ |
| २. | ईन्धन खर्च प्राविधिक | बर्दघाट न.पा | ७५००० |
| ३. | उपभोक्ता समिति गठन | बर्दघाट न.पा | ५५००० |
| ४. | उपभोक्ता समिति अभिमुखिकरण कार्यक्रम तीन चरणमा | बर्दघाट न.पा | १५०००० |
| ५. | सार्वजनिक सुनुवाई कार्यक्रम ३ वटा | बर्दघाट न.पा | ७५००० |
| ६. | समीक्षा गोष्ठि संचालन ३ वटा | बर्दघाट न.पा | ७५००० |
| ७. | GESI परिक्षण | बर्दघाट न.पा | १००००० |
| ८. | पारदर्शिता र उत्तरदायित्व सम्बन्धि अभिमुखिकरण कार्यक्रम | बर्दघाट न.पा | ७५००० |
| ९. | व्यक्तिगत घटना दर्ता तथा अभिलेखिकरण कार्यक्रम/छपाई र मसलन्द | बर्दघाट न.पा | १००००० |
| *जम्मा रकम रु.* | | | ८५१८२९ |

**विभिन्न कोषहरू रू. १४,५०,०००।-**

| क्र. सं. | कोष खाताहरू | संचालन हुने स्थान | विनियोजीत रकम रु |
|---|---|---|---|
| १. | मर्मत सम्भार विषेश कोष | बर्दघाट न.पा | १००००००.० |
| २. | प्रकोप व्यवस्थापन कोष | बर्दघाट न.पा | ३०००००.० |
| ३. | मानविय संशाधन तथा सामुदायिक विषेश कोष खाता | बर्दघाट न.पा | ५००००.० |
| ४ | गरिविनिवारण तथा सामाजिक परिचालन विशेष कोष खाता | बर्दघाट न.पा | १०००००.० |
| *जम्मा रकम रु.* | | | १४५००००।० |

## अनुसूचि-३

**महिला लक्षित कार्यक्रमहरू (१० प्रतिशत) को विनियोजित रकम रू.** २७,५४,२४७/-

| क्र.सं. | योजनाको नाम | संचालन हुने स्थान | विनियोजीत रकम रु | कै |
|---|---|---|---|---|
| *क) पूर्वाधार विकास कार्यक्रम रु* | | | | |
| १. | लगुनाहा नागरिक सचेतना केन्द्र पूर्वाधार सहयोग | ३ | ५००००.० | |
| २. | जितपुर नागरिक सचेतना केन्द्र भवन निर्माण | ५ | १५००००.० | |
| ३. | सूर्यपुरा नागरिक सचेतना केन्द्र भवन निर्माण | ८ | १५००००.० | |
| ४. | भोग्जनी नागरिक सचेतना केन्द्र मर्मत | ११ | १०००००.० | |
| ५. | महिला सामुदायिक भवन निर्माण | १० | १०००००.० | |
| ६. | सेतो गुराँस वालविकास केन्द्र | ४ | १०००००.० | |
| ७. | ईनार मर्मत सम्भार थारु गाउँ सखुवानी | ५ | १०००००.० | |
| ८. | सामुदायिक भवन निर्माण | १ | १०००००.० | |
| *ख) सामाजिक/क्षमता विकास* | | | | |
| ९. | वैदेशिक रोजगार सम्बन्धि जनजागरण कार्यक्रम संचालन | न.पा | ७५०००.० | |
| १०. | नेतृत्व विकास तथा महिला हिंसा न्यूनिकरण विषयमा जनचेतना मूलक तालिम | न.पा | ५००००.० | |
| ११. | द्वन्द्वप्रभावितहरुकोलागि स्वरोजगार तथा शीपमुलक तालिम नगरस्तरिय शान्ति समिति सँगको समन्वयमा | न.पा | १५००००.० | |

| | | | | |
|---|---|---|---|---|
| १२. | नगरस्तरिय महिला संजाल अनुशिक्षण | न.पा | ५००००.० | |
| १३. | लैगिंक उत्तरदायि बजेट विषयमा अभिमुखिकरण गोष्ठि | न.पा | ५००००.० | |
| १४. | नागरिक सचेतना केन्द्रबाट माग भएका योजनाहरु | न.पा | २०००००.० | |
| १५. | विभिन्न संघ संस्था सँगको साझेदारीमा संचालन गरिने कार्यक्रम | न.पा | १६९२४७.० | |
| १६. | महिला सशक्तिकरण तथा घरेलु हिंसा कार्यक्रम | न.पा | १५००००.० | |
| १७. | किशोरी शिक्षा कार्यक्रम | न.पा | ५००००.० | |
| *ग) आर्थिक/शीप विकास रु.* | | | | |
| १८. | तालिम चुरा बनाउने | न.पा | १०००००.० | |
| १९. | तालिम संचालन सुज बनाउने | न.पा | १५००००.० | |
| २०. | तालिम कुसन निर्माण | न.पा | १०००००.० | |
| २१. | तालिम बुटिक वनाउने | न.पा | १५००००.० | |
| *घ) सँस्थागत विकास* | | | | |
| २२. | महिला तथा वालवालिका विशेष कोष | न.पा | १५००००.० | |
| २३. | महिला स्वास्थ्य स्वयमसेवीका प्रोत्साहन कार्यक्रम | न.पा | १३००००.० | |
| २४. | विद्यालयमा छात्राहरुलाई सेनेटरीप्याड वितरण नि.मा.वि र मा.वि तहमा | न.पा | २८००००.० | |

## अनुसूचि-४

## वालवालिका लक्षित कार्यक्रमहरु (१० प्रतिशत) मा विनियोजित रकम रु. २७,५४,२४७/-

| क्र.सं. | योजनाको नाम | संचालन हुने स्थान | विनियोजीत रकम रु | कै |
|---|---|---|---|---|
| *क) पूर्वाधार विकास कार्यक्रम रु. ७,५०,०००।-* | | | | |
| १. | वाल उद्यान पार्क निर्माणकोलागि सहयोग (वालमैत्री वडा घोषणामा सहयोग हुने गरी) | न.पा | ३०००००.० | |
| २. | शान्ति ज्योति प्रा.वि मा भवन निर्माण | २ | १५००००.० | |
| ३. | जितपुर प्रा.वि. मा वालमैत्री पूर्वाधार निर्माणमा सहयोग | ५ | ७५०००.० | |
| ४. | नव दिब्य ज्योति प्रा.वि मा वालमैत्री पूर्वाधार निर्माणमा सहयोग | ४ | ७५०००.० | |
| ५. | ज्ञानोदय प्रा.वि मा वालमैत्री पूर्वाधार निर्माणमा सहयोग | ३ | ७५०००.० | |
| ६. | जनता नि.मा.वि मा वालमैत्री पूर्वाधार निर्माणमा सहयोग | ११ | ७५०००.० | |
| *ख) सामाजिक/क्षमता विकास रु. ५,५०,०००।-* | | | | |
| ७. | वालमैत्री स्थानीय शासन अवलम्व गर्न सरोकारवालालाई सचेतीकरण कार्यक्रम | न.पा | १०००००.० | |
| ८. | वालदीवसको अवसरमा विभिन्न कार्यक्रम संचालन | न.पा | २५०००.० | |
| ९. | वालश्रम उन्मुलनकोलागि नगरभित्रका होटल, उद्योगमा अनुगमन तथा सचेतीकरण कार्यक्रम | न.पा | १०००००.० | |
| १०. | वालक्लव संजाल सँग अन्तकृया कार्यक्रम | न.पा | २५०००.० | |
| ११. | विद्यालयमा सचेतीकरण कार्यक्रम (तीन वटा विद्यालयमा) | न.पा | ७५०००.० | |
| १२. | वस्तीस्तर अविभावकहरुलाई वालमैत्री तथा कानूनी सचेतना कार्यक्रम | न.पा | २५०००.० | |
| १३. | सरोकारवालासँग अर्न्तकृया र प्रतिवद्धता कार्यक्रम | न.पा | ५००००.० | |
| १४. | वालअधिकार तथा वालमैत्री स्थानीय शासन सम्बन्धि रेडियो कार्यक्रम उत्पादन तथा प्रसारण | न.पा | ५००००.० | |
| १५. | वालवालिकालाई उदघोषण तालिम कार्यक्रम | न.पा | १०००००.० | |
| *ग) आर्थिक/शीप विकास रु. ५,०४,२४७।-* | | | | |
| १६. | जन्म दर्ता अभियान तथा जागरण कार्यक्रम | न.पा | १०००००.० | |
| १७. | विद्यालयमा वालमैत्री सामाग्रीको ब्यवस्था | न.पा | १०४२४७.० | |

| | | | | |
|---|---|---|---|---|
| १८. | वालभित्ते पत्रिका प्रकाशन सम्बन्धि तालिम | न.पा | ५0000.0 | |
| १९. | बालमैत्री स्थानीय शासन सम्बन्धि अभिमुखिकरण कार्यक्रम | न.पा | १५0000.0 | |
| २०. | नगर वालसंजाल परिचालन तथा समन्वय कार्यक्रम | न.पा | १00000.0 | |
| *घ) सँस्थागत विकास रु. ९५0,000।-* | | | | |
| २१. | वालविकास केन्द्रमा CFLG तालिम | न.पा | १५0000.0 | |
| २२. | वालमैत्री विद्यालय घोषणा कार्यक्रम | न.पा | १५0000.0 | |
| २३. | वालप्रोफाईल तयार गर्ने व्यवस्था | न.पा | ४00000.0 | |
| २४. | वालवालिकालाई वालमैत्री नगरपालिका अवलोकन भ्रमणको व्यवस्था | न.पा | १00000.0 | |
| २५. | प्रत्येक वडाका वाल क्लवलाई स्टेशनरी मसलन्द खेल सामाग्रीको व्यवस्था | न.पा | १५0000.0 | |

**अनुसूचि-५**

**अन्य लक्षित समूहः दलित, आदिवासी/जनजाति, जेष्ठ नागरिक, अपांग भएका व्यक्तिहरू, मधेसी-मुस्लिम पिछडा वर्ग र अन्य पिछडिएका वर्ग विकास कार्यक्रम (१५ प्रतिशत) रू.** ४१,३१,३७०/-

| क्र.सं | योजनाको नाम | संचालन हुने स्थान | विनियोजीत रकम रु | कै. |
|---|---|---|---|---|
| *आदिवासी जनजाति कार्यक्रम रु. १५३६०४५/-* | | | | |
| *क) पूर्वाधार विकास कार्यक्रम* | | | ३८४000.0 | |
| १. | आदिवासी जनजाति नगर समन्वय परिषदको भवन निर्माण | न.पा | ३८४000.0 | |
| *ख) सामाजिक/क्षमता विकास* | | | ३८४000.0 | |
| २. | पत्रकारीता तालिम | न.पा | १00000.0 | |
| ३. | रेडियो टेलीभिजन प्रस्तोता तालिम | न.पा | १00000.0 | |
| ४. | सहकार्यमा संचालन गरिने आदिवासी जनजाति विकास कार्यक्रम | न.पा | १८४000.0 | |
| *ग) आर्थिक /शीप विकास* | | | *३८४000.0* | |
| ५. | आधारभुत न्युटिसियन तालिम (तीन महिने) | न.पा | ३८४000.0 | |
| *घ) संस्थागत विकास* | | | *३८४000.0* | |
| ६. | आदिवासी जनजाति संस्कृति संरक्षण | न.पा | १६४000.0 | |
| ७. | राष्ट्रको विकासमा आदिवासी जनजातिको भूमिका अवस्था विषयमा जनचेतना ११ वटै वडाहरुमा | न.पा | २२0000.0 | |
| *दलित विकास कार्यक्रम रु. ११६७९३८/-* | | | | |
| *क) पूर्वाधार विकास कार्यक्रम* | | | | |
| १. | विपन्न समुदायलाई खानेपानी पहुचकोलागि हयाण्डपाईप वितरण | ५ र ७ मा | ७५000.0 | |
| २. | सिंचाई कुलो मर्मत | १0 | २00000.0 | |
| ३. | नाला निर्माण ब्लक नं. ६ मा | २ | ५0000.0 | |
| *ख) सामाजिक /क्षमता विकास* | | | | |
| ४. | सहकार्यमा संचालन गरिने दलित उत्थान कार्यक्रम | न.पा | | |
| ५. | पेशागत क्षमता अभिवृद्धि तथा प्रविधि हस्तान्तरण कार्यक्रम | न.पा | १00000.0 | |
| ६. | जनचेतना अभिवृद्धि सम्बन्धि अभिमुखिकरण कार्यक्रम(छुवाछुत, विभेद, उत्पीडन विरुद्धका कार्यक्रम) | न.पा | २00000.0 | |
| *ग) आर्थिक/शिप विकास/संस्थागत* | | | | |
| ७. | आधारभुत सिलाईकटाई तालिम संचालन (कम्तिमा ३ महिना) प्रविधि हस्तान्तरण समेत | न.पा | २७४८३८.0 | |
| ८. | पशुपालन कार्यक्रम सहयोग | न.पा | २६८१00.0 | |
| *अपांग विकास कार्यक्रम रु. ७७२१५३/-* | | | | |

| | | | | |
|---|---|---|---|---|
| क) पूर्वाधार विकास कार्यक्रम | | | | |
| १. | भवन निर्माण | न.पा | २५००००.० | |
| ख) सामाजिक/क्षमता विकास | | | | |
| २. | सहकार्यमा संचालन गरिने अपाँग उत्थान कार्यक्रम | न.पा | १५००००.० | |
| ३. | व्यवसायिक शीप विकास तालिमा (मागमा आधारित) | न.पा | २०००००.० | |
| ग) आर्थिक/ शीप विकास | | | | |
| ४. | क्षमता अभिवृद्धि सम्बन्धि सचेतनामुलक कार्यक्रम | | ७२१५३.० | |
| घ) संस्थागत विकास | | | | |
| ५. | अपाँग प्रोफाईल तयारी | न.पा | १०००००.० | |
| जेष्ठ नागरिक रु. ३०८६१३/- | | | | |
| क) पूर्वाधार विकास कार्यक्रम | | | | |
| १. | ओमशान्ति कम्पाउण्ड निर्माण | ४ | १०००००.० | |
| २. | सुनटाडि मन्दिरमा जेष्ठ नागरिकलाई विश्रामगृह | ९ | १०००००.० | |
| ख) सामाजिक सँस्थागत/क्षमता विकास तथा शीप अभिवृद्धि | | | | |
| ३. | जेष्ठ नागरिक सम्मान कार्यक्रम | न.पा | १०८६१३.० | |
| मधेशी मुस्लिम पिछडा वर्ग कार्यक्रम रु ३४६६२१/- | | | | |
| क) पूर्वाधार विकास कार्यक्रम | | | | |
| १. | मदरसा भवन मर्मत तथा सुधार एवम निर्माण | न.पा | १०००००.० | |
| २. | कवरस्थान तारवार | १ | १५००००.० | |
| ख) सामाजिक सँस्थागत/क्षमता विकास तथा शीप अभिवृद्धि | | | | |
| ३. | पिछडा वर्ग उत्थानकोलागि शीप विकास तथा क्षमता अभिवृद्धि कार्यक्रम | न.पा | ९६६२१.० | |

**वन, वातावरण तथा कृषिबाट संचालित योजनाहरु रू. ४१,३१,३७०/-**

| क्र.सं. | योजनाको नाम | संचालन हुने स्थान | विनियोजीत रकम रु |
|---|---|---|---|
| १. | वातावरण संरक्षण विशेष कोष | न.पा | ५०००००.० |
| २. | कार्यक्रम खर्च | न.पा | ४१३१३७.० |
| ३. | फोहोर व्यवस्थापनकोलागि व्यवहार परिवर्तन कार्यक्रम | न.पा | ३०००००.० |
| ४. | वृक्षारोपण तथा संरक्षण कार्यक्रम शाखा सडक दायाँ वायाँ | न.पा | ३०००००.० |
| ५. | सार्वजनिक जग्गामा माटो फिलिँग सहित पूर्वाधार निर्माण हाटवजार नजिक देवीनगर | ४ | १५००००.० |
| ६. | टोल विकास संस्थाहरुलाई वातावरणमैत्री स्थानीय शासन सम्बन्धि अभिमुखिकरण | न.पा | १६८३७०.० |
| ७. | व्यवसायीक कृषि तथा पशुपालन सम्बन्धि तालिम | न.पा | ५०००००.० |
| ८. | भकारो सुधार कार्यक्रम (विपन्न वर्गका २० वटा) | न.पा | २०००००.० |
| ९. | अर्गानिक खेती तथा प्राँगारिक मल निर्माण सम्बन्धि तालिम २ चरणमा | न.पा | २०००००.० |
| १०. | कार्यालयमा वातावरणमैत्री वनाउन पूर्वाधार निर्माण | न.पा | २०००००.० |
| ११. | स्यालो ट्युवेल | १ | ५००००.० |
| १२. | स्यालो ट्युवेल कर्मेया गाउँमा २ वटा | ३ | १०००००.० |
| १३. | स्यालो ट्युवेल | ४ | ५००००.० |
| १४. | स्यालो ट्युवेल वण्डाघोला गाउँमा | ५ | ५००००.० |
| १५. | स्यालो ट्युवेल | ६ | ५००००.० |
| १६. | स्यालो ट्युवेल त्रीनेत्र पूर्वको खेतमा | ७ | ५००००.० |
| १७. | वोरिंग थान-३ | ८ | ५००००.० |
| १८. | बेतहानी शिवालय दक्षिण तर्फ माकर थारु गाउँ जोड्ने कृषि सडक स्तरिकरण | ६ | १५००००.० |

| | | | |
|---|---|---|---|
| १९. | मझौनी सडकदेखि गैडाहा जाने  वडा नं. २ र ११ जोड्ने कृषि सडक स्तरिकरण | २ /११ | १५००००.० |
| २०. | फोहोर ब्यवस्थापन तथा लागु औषध दुर्ब्यसन विरुद्ध जनचेतना मूलक सडक नाटक | न.पा | ३००००० |
| २१. | फोहोर ब्यवस्थापन खर्च | न.पा | २००००० |
| | *जम्मा रकम रु.* | | |

**आ.व. २०७४/०७५ मा युवा तथा खेलकुद विकास कार्यक्रमबाट संचालित रु.१०,००,०००/-**

| *क्र.सं.* | *योजनाको नाम* | *संचालन हुने स्थान* | *विनियोजीत रकम रु* |
|---|---|---|---|
| १. | नगरस्तरिय फुटवल प्रतियोगीता सँचालन | न.पा | २५००००.० |
| २. | युवा ब्यक्तित्व विकास तथा ब्यवहार परिवर्तन कार्यक्रम | न.पा | १५००००.० |
| ३. | पुरस्कार तथा सम्मान कार्यक्रम (उत्कृष्ट युवा उद्यमि, खेलाडि, सामाजिक अभियन्ता) | न.पा | ५००००.० |
| ४. | खेलकुद प्रशिक्षण कार्यक्रम | न.पा | १०००००.० |
| ५. | खेलकुद सामाग्री वितरण | न.पा | २०००००.० |
| ६. | खेल पूर्वाधार निर्माण (मागमा आधारित) | | २५००००.० |
| | *जम्मा रकम रु.* | | १००००००.० |

**अनुसूचि-**

**नगरक्षेत्र पूर्वाधार विकास कार्यक्रम (लागत सहभागितामा आधारीत साझेदारी कार्यक्रम)**

**०७४/०७५ मा संचालित रु** १,५७,३२,२००/-

| *क्र.सं.* | *योजनाको नाम* | *संचालन हुने स्थान* | *अनुदान रकम रु* |
|---|---|---|---|
| | नेपाल सरकार अनुदान तर्फ | | |
| १. | नाला सहित बाटो कालोपत्रे सडक निर्माण लक्ष्मि नगर | ४ | २५००००० |
| २. | नाला सहित बाटो कालोपत्रे सडक निर्माण आनन्द नगर | ४ | २५००००० |
| ३. | नाला सहित बाटो कालोपत्रे सडक चिसापानी | २ | २५००००० |
| ४. | पार्क सहित भ्यूटावर निर्माण/ल्याण्डफिल्ड साईड निर्माण | ४ | ५७३२२०० |
| ५. | सडक निर्माण बर्दघाटदेखि धुरकोट विहारी सम्म | ४ | ३५००००० |
| | जम्मा रकम रु. | | १५७३२२०० |

**ठूला पूर्वाधार योजना रु. १,००,००,०००.०**

| *क्र.सं.* | *योजनाको नाम* | *संचालन हुने स्थान* | *अनुदान रकम रु* |
|---|---|---|---|
| | नेपाल सरकार अनुदान तर्फ | | |
| १. | ठुला पूर्वाधार योजना (लोकमार्ग, नगरपालिकाहुदै, विषयघोल, शिवालयमन्दीर हुदै बाढिपिडित त्रीवेणीसडक जोड्ने बाटो निरन्तरता) | ४ | १००००००० |
| | जम्मा रकम रु. | | १०००००००.० |

यस बर्दघाट नगरपालिका अर्न्तगत रहेका देहायका योजनाहरु यस कार्यालयको श्रोत र साधनबाट सम्पन्न गर्न नसक्ने भएकोले जिल्ला, केन्द्रीस्तरमा तथा विषयगत कार्यालयहरु संग माग गर्न सिफारिस गरि पठाउने निर्णय गरियो ।

## जिल्ला स्तरीय योजनामा माग गर्ने

| सि.नं. | योजनाको नाम | आयोजना स्थल | अनुमानित लागत |
|---|---|---|---|
| १. | बाँध निर्माण खैराहाखोला कुलोमा | १ | ५०००००.० |
| २. | पुल निर्माण रायमाझि घोलामा | १ | ५०००००.० |
| ३. | खानेपानी टँकि र वाल निर्माण वाल्मिकि उ.मा.वि | १ | ५०००००.० |
| ४. | अधुरो पुल निर्माण चमरगढिया घोलामा | १ | ५०००००.० |
| ५. | नाला सहित कालोपत्रे सडक निर्माण, चिसापानी ब्लक नं. ६ देखि ४ जोड्ने | २ | ३५०००००.० |
| ६. | पुल निर्माण, दि.ज्यो.उ.मा.वि पछाडि | २ | ३५०००००.० |
| ७. | पुल निर्माण दि.ज्यो.बहुमुखि क्याम्पस पछाडि चिसापानी खोलामा | २ | ३५०००००.० |
| ८. | कालोपत्रे सडक निर्माण, कर्मैया लगुनाहा हुदै जहदा सीमाना सम्म | ३ | २००००००.० |
| ९. | अधुरो कम्पाउण्ड निर्माण, ज्ञानोदय प्रा.वि.मा | ३ | ५०००००.० |
| १०. | अधुरो सामुदायिक भवन निर्माण, कर्मैयामा | ३ | ३०००००.० |
| ११. | दाउन्ने देवी उ.मा.वि.मा कम्पाउण्ड निर्माण | ४ | २५०००००.० |
| १२. | नाला सहित बाटो ग्राभेल, त्रीवेणी सडक सशस्त्रआडबाट पश्चिम पुल सम्म | ४ | १००००००.० |
| १३. | भवन निर्माण, दाउन्नेदेवी महिला ब.स.संस्थाको | ४ | १५०००००.० |
| १४. | बाटो निर्माण, मोहन रानाको घरदेखि मनकामना स्कूल सम्म | ४ | १५०००००.० |
| १५. | कम्पाउण्ड निर्माण, दा.उ.मा.वि मा | ४ | १००००००.० |
| १६. | भवन निर्माण, साविक गा.वि.स भवनमा अधुरो | ४ | २००००००.० |
| १७. | बाटो स्तरिकरण, मोर्चाघोलादेखि दक्षिण शिवशक्ति जोड्ने बाटो | ४ | ७०००००.० |
| १८. | बाटो स्तरिकरण, लोकमार्गदेखि डाँडाटोल जाने बाटो | ४ | ५००००००.० |
| १९. | तटवन्ध, खोला नियन्त्रण, दिब्यनगर | ४ | २००००००.० |
| २०. | ह्रुमपाईप ब्यवस्थापन, धौलागिरिचोकमा | ४ | ५०००००.० |
| २१. | बाटो स्तरिकरण हरिरञ्जन चोकहुदै वेतहानी जाने बाटो | ४ | ५०००००.० |
| २२. | डीप वोरिँग, धौलागिरि चोकमा | ४ | ५०००००.० |
| २३. | कल्भर्ट निर्माण, आनन्दनगर तपचन्द्रको घर पूर्व तर्फ | ४ | १५०००००.० |
| २४. | कम्पाउण्ड सहित माटो फिलिँग, दाउन्ने क्याम्पसमा | ४ | १५०००००.० |
| २५. | बाटो ग्राभेल, वेलहानी चर्चदेखि पाल्डाडा हेल्थपोष्ट सम्म | ५ | १००००००.० |
| २६. | तटवन्धन ढेडुवाखोलामा | ५ | ५०००००.० |
| २७. | ह्युमपाईप ३० से.मी को १०० थान | ५ | १५०००००.० |
| २८. | बाटो स्तरिकरण, वरुवा सडकदेखि वण्डाघोला थारु गाउँहुदै वडा नं. ६ सम्म | ५ | ७०००००.० |
| २९. | तटवन्ध १००० मिटर, वेतहानी पुलदेखि उत्तर दक्षिण कुलोमा | ६ | ३०००००.० |
| ३०. | बाटो स्तरिकरण, वडा नं. ४ को सीमानादेखि वेतहानी गाउँ हुदै १ नं. सीमाना सम्म | ६ | ५०००००.० |
| ३१. | पुल निर्माण मोटियारीमा | ७ | ३०००००.० |
| ३२. | बाटो स्तरिकरण, प्रेम प्रतिक्षालयदेखि मुस्तफाचोकहुदै गँगाधर चोक सम्म | ७ | ५०००००.० |
| ३३. | कवरस्थान निर्माण मुस्लिम समुदायको | ७ | ८०००००.० |
| ३४. | वेलहानी कृषि प्लटमा खजुरा खोलामा तटवन्ध निर्माण | ७ | २००००००.० |
| ३५. | सिंचाईको पक्कि कुलो वाँध निर्माण | ७ | ३०००००.० |

| | | | |
|---|---|---|---|
| ३६. | नाला निर्माण, भानुनगरदेखि घेग्दब्वा सम्म | ८ | २५०००००.० |
| ३७. | ट्रान्सफरमर र विद्युत पोल | ८ | ५००००००.० |
| ३८. | बाँध निर्माण, वडा नं. ९ र ११ जोड्ने | ९ | २५०००००.० |
| ३९. | ढल निकास, अमरदिप टोलको २ कि.मी बाटोको वरपर | १० | १५०००००.० |
| ४०. | कल्भर्ट तथा ग्राभेल, जयन्तरी चौधरीको खेतदेखि बुद्धिसागरको घर तर्फ | १० | ७०००००.० |
| ४१. | सिंचाई कुलो निरन्तरता विर्ता | १० | १००००००.० |
| ४२. | तटवन्धन लण्डब्रिजदेखि अलावल हिरौटी सम्म | १० | २५०००००.० |
| ४३. | बाटो निर्माण, हरिकलाको घरदेखि पश्चिम कमल घिमिरेको घर सम्म बाटो निर्माण | ११ | १५०००००.० |

## केन्द्रीयस्तरका आयोजनाहरू :

| सि.नं. | योजनाको नाम | योजनास्थल | अनुमानित लागत |
|---|---|---|---|
| १. | बाटो कालोपत्रे सडक निर्माण, माकर सीमानादेखि लगुनाहा जाने बाटो | १ | १०००००००.० |
| २. | नाला सहित कालोपत्रे, ब्लक नं. ३ देखि गैडाहा जोडने | २ | १०००००००.० |
| ३. | कालोपत्रे सडक निर्माण, लक्ष्मिचोकदेखि ब्लक नं. ३ चापागाईको घर सम्म | २ | ३००००००.० |
| ४. | कालोपत्रे सडक निर्माण खोपकेन्द्र उत्तर राजमार्ग सम्म | २ | ५००००००.० |
| ५. | पक्कि बाँध निर्माण, विषयघोलमा | ३ | १००००००.० |
| ६. | खानेपानी टंकी ओभरहेड निर्माण | ३ | १०००००००.० |
| ७. | पुल निर्माण, विषयघोल बाढिपिडित जाने बाटोमा | ४ | ५००००००.० |
| ८. | पुल निर्माण, हुलाकमार्ग, सानाकिसान, बौद्धमार्गमा पर्ने | ४ | २२०००००.० |
| ९. | बाटो स्तरिकरण, ज्ञानु चन्दको घरदेखि शिवालयको घर सम्म | ४ | १५०००००.० |
| १०. | पुल निर्माण, आनन्दनगर र देवीनगर जोडने | ४ | ३५०००००.० |
| ११. | खोला तटवन्ध, हरियालीनगरमा | ४ | २५०००००.० |
| १२. | बाटो स्तरिकरण, धौलागिरि उत्तर तर्फको दुईवटा बाटो | ४ | २५०००००.० |
| १३. | खोला तटवन्ध, मोर्चाघोला र दिब्यनगर | ४ | ४५०००००.० |
| १४. | कालोपत्रे सडक, उपहारनगर चोकदेखि उत्तर दक्षिण र पश्चिम जाने बाटो | ४ | २५०००००.० |
| १५. | खेलकुद रँगशाला निर्माण | ६ | १०००००००.० |
| १६. | बोरिंगको ब्यवस्था | ६ | १०००००००.० |
| १७. | बाटो स्तरिकरण, कोटहवा स्कुलदेखि बर्दघाट १ सीमाना जोड्ने | ७ | ७५०००००.० |
| १८. | कालोपत्रे सडक निर्माण, जिमिरेभारचोकदेखि वेलहानी हुदैं प्रेम चोक सम्म | ७ | ७५०००००.० |
| १९. | वेलहानी स्थित खजुराखोला तटवन्धन कार्यक्रम | ७ | ३५०००००.० |
| २०. | पुल निर्माण, वडा नं. ८ र ९ को सीमानामा | ८ | २५०००००.० |
| २१. | पुल निर्माण, विजयपुर जाने बाटोमा | ८ | २५०००००.० |
| २२. | पुल निर्माण, छविलाल घर पूर्व घोलामा | ९ | ४८०००००.० |
| २३. | पुल निर्माण, वडा कार्यालयदेखि सुनटाडि जोडने बाटो | ९ | ४००००००.० |
| २४. | भूताहाखोलामा तटवन्धन, अमरदीप पूर्व भताहाखोला पश्चिम तर्फ | १० | ५००००००.० |
| २५. | पुल निर्माण, अमरदीपबाट ट्रान्समिटर चोक जोडने बाटो | १० | ५८०००००.० |
| २६. | रिंग रोडमा पुल निर्माण अमरदीपदेखि भूताहाचापी जोड्ने बाटो | १० | ६२०००००.० |
| २७. | वाल निर्माण, लण्डनब्रिजदेखि दक्षिण तर्फ बाटोमा वाल निर्माण | ११ | २५०००००.० |
| २८. | पुल निर्माण  वडा नं. २ देखि वुटाहा जाने बाटोमा | ११ | २५०००००.० |
| २९. | कालोपत्रे सडक निर्माण, दुर्गा मन्दिरदेखि ठगबहादुरको घर सम्म | ११ | २५०००००.० |
| ३०. | पुल निर्माण मौरा थारु टोलको पूर्व बाटो जोड्ने | ११ | १५०००००.० |